बलेफी गाउँपालिका
Balephi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
बलेफी, सिन्धुपाल्चोक / Balephi, Sindhupalchowk
बागमती प्रदेश, नेपाल / Bagmati Province, Nepal

पत्र संख्या (F/Y): २०७९/०८०
चलानी नम्बर (Ref. No.): १६६८

मिति (Date): २०७९/१०/२१

श्री वडा अध्यक्षज्यु,
वडा कार्यालयहरु सबै,
बलेफी गाउँपालिका, सिन्धुपाल्चोक ।

**विषय: बेरोजगार ब्यक्तिको सूची दर्ता सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस बलेफी गाउँपालिकाद्धारा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत न्यूनतम रोजगारीमा आबद्ध हुन चाहने बेरोजगार ब्यक्तिले आफू बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा २०७९ फागुन महिनाभित्र निवेदन दिनुपर्ने भएको हुँदा आ-आफ्नो वडाका बेरोजगारहरुलाई समयमा नै सम्बन्धित वडामा निवेदन दिनका लागि जानकारी गराइ दिनुहुन निर्देशानुसार अनुरोध गरिन्छ ।

**बेरोजगार दर्ता निवेदन भर्दा तपसिल अनुसारको विवरण अनिवार्य हुनेछ :**

- निवेदकको नागरिकताको प्रतिलिपि अनिवार्य राख्ने ।
- शैक्षिक योग्यता तथा सीप परिक्षणको प्रमाण पत्रको प्रतिलिपि राख्ने ।
- पारिवारिक विवरण (यो विवरण भर्दा १८ वर्षभन्दा माथि परिवारको नागरिकता प्रतिलिपि अनिवार्य हुनेछ भने १८ वर्षभन्दा मूनिकाहरुका लागि जन्ममिति मात्र राख्दा हुनेछ )
- पासपोर्ट साइजको फोटो १ प्रति राख्ने ।
- विदेशबाट फर्केको हो भने पासपोर्ट नम्बर अनिवार्य राख्ने ।
- वार्षिक आय यथार्थपरक भर्ने ।
- नयाँ पुरानो सबैलाई पुनः फारम भर्न लगाउने ।

**पुनश्च** : यदि पूर्ण/यथार्थपरक निवेदन नभएमा फारम नलिनु हुन अनुरोध छ । साथै निवेदनको विवरण पूर्ण नभएमा वा झुठा ठहर भएमा रोजगार सेवा केन्द्र जवाफदेही हुनेछैन । निवेदन दिने समय समाप्त भएपश्चात वडा कमिटिको बैठक बसी बेरोजगार ब्यक्ति सूचिकरण गर्न योग्य ब्यक्तिमात्र सिफारिश गरि २०७९ चैत्र ५ गते रोजगार सेवा केन्द्रमा पठाइ दिनु हुन र यदि सम्बन्धित वडाबाट निवेदन सिफारिश ढिला हुन गएका बेरोजगार सूचिकरण कार्य रोजगार सेवाकेन्द्रबाट ढिला नै हुन जाने भएको हुँदा तोकिएको समयमा नै सिफारिश गरि पठाई दिनुहुन समेत अनुरोध छ ।

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

देवीलाल सापकोटा